# कञ्चन गाउँपालिका राजपत्र


## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १ कञ्चन, सङ्ख्या १४ मितिः १२ गते शुक्रबार, अषाढ २०७७


## भाग १

## कञ्चन गाउँपालिका

कञ्चन गाउँपालिकाको शिक्षा ऐन २०७४ को दफा ४२ तथा कञ्चन गाउँपालिका शिक्षा नियमावली २०७५ को नियम५७ बमोजिम कञ्चन गाउँपालिकाले बनाएको उल्लेखित बमोजिमको शिक्षा कार्यविधि सर्वसाधारणको जानकारीको लागिप्रकाशित गरिएको छ।

सम्वत् २०७७ कार्यविधि

कार्यविधिको नामः

शिक्षक तथा विद्यालय कर्मचारी

दरवन्दि मिलान र सरुवा- व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६

कार्यविधि नं. /२०७६/७७

# कञ्चन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### कञ्चन-२ रुपन्देही

शिक्षक तथा विद्यालय कर्मचारी

दरवन्दि मिलान र सरुवा- व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६

## गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०३/०९

**कञ्चन गाउँपालिकाको शिक्षा ऐन २०७४ को दफा ४२ तथा**

**कञ्चन  गाउँपालिका शिक्षा नियमावली २०७५ को नियम ५७ बमोजिम**

कञ्चन गाउँ कार्यपालिकाको कार्यालयबाट

मिति २०७६/०७/२५ गतेको निर्णय अनुसार जारी गरिएको

# शिक्षक तथा विद्यालय कर्मचारी
# दरवन्दि मिलान र सरुवा- व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६

मिति २०७६/०७/२५

कञ्चन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपन्देही, ५ नं. प्रदेश, नेपाल

## शिक्षक कर्मचारी दरवन्दि मिलान र सरुवा - व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६

**प्रस्तावनाः**

कञ्चन गाउँपालिकाको शिक्षा ऐन २०७४ को दफा ४२ तथा कञ्चन गाउँपालिका शिक्षा नियमावली २०७५ को नियम ५७ को अधिनमा रहि यस कञ्चनगाउँपालिका अन्तरगत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा वाल विकास केन्द्रका सहजकर्ताहरुको सरुवालाई व्यवस्थित गर्नका लागि कञ्चन गाउँपालिका , गाउँकार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

**१ संक्षिप्त नाम , प्रारम्भ र प्रयोग**

क यो कार्यविधिको नाम "कञ्चन गाउँपालिका शिक्षक कर्मचारी दरवन्दि मिलान र सरुवा - व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६" रहेको छ ।

ख यो कार्यविधि कञ्चन गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा वाल विकास केन्द्रहरुमा हुने सरुवा तथा दरवन्दि मिलान सम्बन्धि प्रयोजनमा लागु हुनेछ ।

ग यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

घ यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, वाल विकास केन्द्रका सहजकर्ता, प्राथमिक तह देखि माध्यमिक तह सम्मका स्विकृत दरवन्दि स्थायी ,अस्थायी ,करार तथा राहत कोटामा कार्यरत शिक्षक कर्मचारीहरुको सरुवाको लागि प्रयोग हुनेछ ।

**२ परिभाषा**

क " ऐन" भन्नाले कञ्चन गाउँपालिकाको शिक्षा ऐन २०७४ लाइ सम्झनु पर्दछ ।साथै ऐन भन्नाले संघिय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐनलाइ समेत जनाउने छ ।

ख "नियमावली" भन्नाले कञ्चन गाउँपालिका शिक्षा नियमावली २०७५ सम्झनु पर्दछ । साथै नियमावली भन्नाले प्रचलित संघिय शिक्षा नियमावली ,प्रादेशिक शिक्षा नियमावलीलाई समेत जनाउने छ ।

ग "शिक्षा शाखा"भन्नाले कञ्चन गाउँपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

घ "कार्यविधि" भन्नाले शिक्षक कर्मचारी दरवन्दि मिलान र सरुवा - व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६ सम्झनु पर्दछ ।

## ३ सरुवाको आधार तथा कार्यविधि

१ शिक्षा ऐन , नियमावली तथा यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको अधिनमा रही दरवन्दि मिलान र सरुवा गर्दा देहाय वमोजिमको आधारहरु अवलम्बन गरिनेछ ।

क गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा दरवन्दि, राहत कोटा तह तथा विषय मिल्ने भएमा मात्र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय अनुसार शिक्षा अधिकृतले सरुवा गर्न सक्नेछ ।

ख कर्मचारी तथा वालविकास सहजकर्ताको सरुवा गर्दा रिक्त कोटा हुनु पर्नेछ ।त्यसरी सरुवा गर्दा तहलाइ समेत आधार मानिनेछ ।

ग शिक्षक सरुवा गर्दा तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

घ गाउँ पालिका बाट एक पटक सरुवा गरिएको शिक्षकलाइ सामान्यतया तीन वर्ष पुरा नगरी सरुवा गरिने छैन ।

ङ कञ्चन गाउँपालिका शिक्षा नियमावली २०७५ को नियम ५७ को अनुसूची १२ मा उल्लेखित विषय शिक्षक नरहेको विद्यालयमा अर्को विषय दोहोरिने गरी शिक्षक सरुवा गरिने छैन ।

च दरवन्दि मिलानको क्रममा गाउँपालिकाको दरवन्दि र राहत कोटामा असर नपर्ने गरी एक विद्यालय बाट अर्को विद्यालयमा दरवन्दि र राहत कोटा साटासाट गर्न र माथिल्लो तहको दरवन्दि नभएको विद्यालयमा अर्को विद्यालयको माथिल्लो तहको दरवन्दि दिदा सो विद्यालयमा राहत संग साटासाट हुन नसकेमा गाउँपालिकाले गाउँपालिकाको स्रोतबाट सो बराबर तलब बिद्यालय खातामा निकाशा दिने ब्यबस्था मिलाउने वा तल्लो तहको दरवन्दि र राहत कोटा मिलान गर्न आवश्यक भएमा गाउँ शिक्षा समितिको सिफारिस गाउँकार्यपालिकाले अनुमोदन गरेमा शिक्षा अधिकृतले सो अनुसार गाउँपालिका भित्र दरवन्दि मिलान गर्नु पर्नेछ ।

२ शिक्षक सरुवा गर्दा देहाय बमोजिमका कार्यविधिका आधारमा सरुवा गर्नु पर्नेछ ।

क एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एउटै विषय शिक्षक भएमा ।

ख तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगरेको भनि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा विद्यालयका सल्लाहाकारबाट लिखित निवेदन आएमा ।

ग दरवन्दि मिलानको क्रममा तोकिएको मापदण्ड भन्दा बढि शिक्षक भएमा र माध्यमिक विद्यालयमा मा वि तहको स्थायी दरवन्दि नभएमा तथा सामुदायिक विद्यालयमा स्थायि शिक्षकलाइ प्र.अ बनाउन आवश्यक देखिएकोले मा.वि तहमा मा.वि तहको स्थायी शिक्षक र आधारभुत तहमा आधारभूत तहको स्थायी शिक्षक लाइ प्र.अ को जिम्मेवारी नभएको अवस्थामा ।

घ विपद्का कारणबाट  विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्था विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा ।

ङ नैतिक आचरण तथा व्यक्तिगत अनुशासनका  लगायतका कारणबाट कुनै शिक्षकलाइ सो विद्यालयमा राखिरहदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने व्यहोरा विद्यालय व्वस्थापन समितिबाट निर्णय भइ आएमा ।

च कुनै शिक्षकले उत्कृष्ट नतिजा तथा  कुशल ब्यवस्थापन  गरेको आधारमा सो कुरा अन्य विद्यालयमा लागु गर्न  विशेषज्ञको रुपमा  अर्को विद्यालयमा  आबश्यक देखिएमा ।

छ पति पत्नि दुवै शिक्षक वा कमचारी रहेको अबस्थामा सकभर एउटै वडा भित्र सरुवा गर्नु परेमा ।

ज विद्यालय समायोजन  तह तथा कक्षा घटुवा  भई उक्त विद्यालयमा कार्यरत शिक्षक कमचारी  अन्यत्र व्यबस्थापन  गर्नु परेमा ।

झ कुनै शिक्षक तथा कर्मचारी १५ दिन भन्दा बढी विद्यालयमा विदा स्वीकृत नगराइ अनुपस्थित रहेको ,पटक पटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनि विद्यालय व्यवस्थापन समितिबाट लेखि आएमा त्यस्ता शिक्षकलाइ अन्यत्र सरुवा गरी विभागिय कारवाही समेत गरिनेछ।

ञ तह विषय र दरवन्दी  मिलानको कममा सम्बन्धित शिक्षक र विद्यालयको सहमति बेगर पनि गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाइ गाउँ शिक्षा समितिको सिफारिस र गाउँ कार्यपालिकाको निर्णय अनुसार सरुवा व्यवस्थापन गर्न सक्नेछ ।

ट अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कमि अवधि वाँकी रहेको शिक्षक कर्मचारीलाइ निजको इच्छा विपरित सरुवा गरिने छैन ।

ठ सरुवा भएको एक्काइस दिन भित्र प्रधानाध्यपकले शिक्षक वा कर्मचारीलाइ तोकिएको ढाँचामा रमाना पत्र दिइ सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाइ दिनु पर्ने छ। तर कुनै कारणवस उक्त अवधिमा बरबुझारथ हुन नसकेमा गाउँ शिक्षा अधिकारीले आवश्यकता हेरी थप बरवुझारतको लागि सात दिनको म्याद थप गर्न सक्ने छ ।

**३ सरुवा  प्रकृया**

१ सरुवा हुन चाहने शिक्षक कर्मचारीले सरुवा हुन पर्नाको कारण खुलाई नियुक्ति पत्र  विषय  र अध्यापन विषय र योग्यता एवम् कार्यरत विद्यालयको सेवा अवधि समेत खुल्ने गरी विद्यालयको सहमति पत्र सहित शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

२ शिक्षा अधिकृतले गाउँ शिक्षा शाखामा पेश भएका निवेदनहरु  शिक्षा शाखाको अभिलेखसंग भिडाइ रुजु गरी गाउँ शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

३ सरुवा कार्यविधि र प्रक्रिया पुरा भइ निवेदन उपर काम कारवाही भएको विषय उल्लेख गरी शिक्षा समितिको सिफारिस सहित गाउँ कार्यपालिकाको वैठकमा प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्नु पर्नेछ । गाउँ पालिका भित्र सरुवा वा दरवन्दि मिलान गर्ने वा नगर्ने निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

४ गाउँ कार्यपालिकाले दरवन्दि मिलान वा सरुवाको निर्णय अनुमोदन गरेमा निर्णय पश्चात गाउँ शिक्षा अधिकृतले शिक्षक वा कर्मचारीलाइ सरुवा वा पदस्थापन पत्र उपलब्ध गराउनु पर्नेछ ।

**४  दरवन्दि मिलान**

गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत वाल विकास स का , का स , कार्यालय सहयोगी र स्वीकृत दरवन्दिमा कार्यरत शिक्षक राहत अनुदान तथा करार दरवन्दिको वितरण र पुनरवितरण, व्यवस्थापन तथा मिलानको लागि गाउँ शिक्षा समितिले कार्यदल गठन गरी सुझाव समेतको आधारमा दरवन्दि मिलान गरिनेछ ।

तर माथि जुन सुकै लेखिएको भएतापनि गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक स्तर  सुधार गर्न स्थायी शिक्षकलाइ प्र .अ को जिम्मेवारि दिन र कुनै शिक्षक तथा कर्मचारी को कारण बाट विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्य बिग्रिएको भन्ने कुरा शिक्षा समितिले अनुगमन गरि राय सहितको सिफारिस प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँकार्यपालिकामा  पेश गरी सोको अनुमोदन भएमा शिक्षा अधिकृतले जुनसुकै वखत सरुवा गर्न सक्नेछ ।

**५** यो कार्यविधि प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**६ व्याख्या**

कार्यविधिको प्रयोगमा दुविधा उत्पन्न  भएमा कञ्चन गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

आज्ञाले

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत